जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**धनगढी उपमहानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः०१** **मितिः २०८३/०३/३२**

## भाग-२

## धनगढी उपमहानगरपालिकाको

### धनगढी उपमहानगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड, २०८३

स्थानिय भू - उपयोग परिषदबाट स्वीकृत मिति : २०८३ असार ३० गते

प्रमाणीकरण मिति : २०८३ असार ३२ गते

राजपत्रमा प्रकाशित मिति: २०८३ असार ३२ गते

**प्रस्तावना:** भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली,२०७९ मा उल्लेखित मापदण्ड तथा आधारहरुका अतिरिक्त यस धनगढी उपमहानगरपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरी भू-उपयोग ऐन,२०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, धनगढी उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिमका साथै धनगढी उपमहानगरपालिकाको स्थानिय भू - उपयोग परिषद्को मिति २०८३ असार ३० गतेको बैठकबाट **धनगढी उपमहानगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड, २०८३** बनाएको छ ।

धनगढी उपमहानगरपालिका राजपत्र

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस मापदण्डको नाम "**धनगढी उपमहानगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड २०८३**" रहेको छ।

(२) यो मापदण्ड स्वीकृत भई धनगढी उपमहानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**ः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा;

(क) **"ऐन"** भन्नाले भू-उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ।

(ख) **"नियमावली"** भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ।

(ग) **"उपमहानगरपालिका"** भन्नाले धनगढी उपमहानगरपालिकालाई सम्झनुपर्दछ।

(घ) **"स्थानिय भू-उपयोग परिषद्"** भन्नाले धनगढी उपमहानगरपालिकाको भू-उपयोग परिषद / नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) **"कार्यालय"**भन्नाले धनगढी उपमहानगरपालिका,नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(च) **"आवासीय क्षेत्र"** भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई सम्झनुपर्दछ।

(छ) **"औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनुपर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई सम्झनुपर्दछ।

(ज) **"कृषि क्षेत्र"** भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गालाई सम्झनुपर्दछ।

(झ) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनुपर्दछ।

धनगढी उपमहानगरपालिका राजपत्र

(ञ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

(ट) **"भू-उपयोग"** भन्नाले भूमिको उपयोग सम्झनुपर्दछ।

(ठ) **"भू-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनुपर्दछ।

(ड) **"भू-उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनुपर्दछ।

(ढ) **"भू-उपयोग योजना"** भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनुपर्दछ।

(ण) **"भूमि"** भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्मको भाग सम्झनुपर्दछ।

(त) **"वन क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनुपर्दछ।

(थ) **"व्यावसायिक क्षेत्र"** भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई सम्झनुपर्दछ।

(द) **"साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनुपर्दछ।

(ध) **"सार्वजनिक उपयोगको क्षेत्र"** भन्नाले समुदायिक तथा सरकारी विद्यालय, विश्वविद्यालय, छात्रावास, सरकारी अस्पताल र स्वास्थ्य चौकी, शवदाह स्थल, सडक, सिँचाईकुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई सम्झनुपर्दछ।

## परिच्छेद- २

## वडागत भू-उपयोग क्षेत्रको वर्गीकरण सम्बन्धी मापदण्ड

३. **वडा नम्बर १ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र:** वडा भित्र रहेका १० मिटर सम्मका सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु र वडा भित्र रहेका १० मिटर माथिका सडकको दायाँबायाँ १०० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** व्यावसायिकक्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, सरस्वती आधारभूत विद्यालय, पार्वती आधारभूत विद्यालय, राष्ट्रिय मदर्सा (पशुपति टोल), मदरसा मुर्बवी, आधारभूत स्वास्थ्य केन्द्र, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, हुलाक कार्यालय, दुर संचार कार्यालय, सेती प्रादेशिक अस्पताल, सामाजिक विकास मन्त्रालय, वडा प्रहरी कार्यालय, नापी कार्यालय, भूमि प्रशासन कार्यालय, जनस्वास्थ्य कार्यालय, स्वास्थ्य तालिम केन्द्र, जिल्ला खेलकुद विकास समिति, धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रस सोसाइटी, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश सभा र सुदूरपश्चिमाञ्चल साहित्य समाज साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** श्री नैनादेवी भगवती मन्दिर, श्री वनदेवी मन्दिर, श्री पशुपति मन्दिर, श्री कृष्ण मन्दिर, श्री लक्ष्मी नारायण मन्दिर, दुर्गा भवानी मन्दिर, श्री बुद्ध मन्दिर, नुरे जाने मस्जिद, चर्चहरु, नवदुर्गा कालिका मन्दिर अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** कैलाली नाला, सुकुटी नाला र शिवनगर नाला लगाएतका वडा नं. १ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **कृषि क्षेत्र :** वडा नं. १ मा वडामा कृषि क्षेत्र रहने छैन्।

४. **वडा नम्बर २ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र :** ६ लेन सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, ६ लेनबाट जाने सम्पूर्ण शाखा सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु र अन्य भित्रि सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख) आवासीय क्षेत्र:** व्यावसायिक क्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, श्री शारदा माध्यमिक विद्यालय, श्री नवदुर्गा माध्यमिक विद्यालय, श्री मदरसा आधारभूत विद्यालय श्री आधारभूत स्वास्थ्य केन्द्र, त्रिनगर प्रहरी चौकी, मोहना खेल मैदान, बुद्धिनाथ सामुदयिक भवन, तिल्केताल सामुदायिक वन उपभोक्त समूह, मोहाना त्रिवेणी मसान घाट, खुल्ला मैदान, शारदा माध्यमिक विद्यालयको खेल मैदान, शैलेश्वरी आधारभूत विद्यालयको खेल मैदान, वडा कार्यालय, विरवान मन्दिर सामुदायिक भवन र रेडक्रस भवन साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन् ।

**(घ) धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** रामजानकी मन्दिर, विश्वनाथ मन्दिर, कालिका, ग्वासी समैजी, भुवनेश्वरी वनदेवी मन्दिर, चर्च, मस्जिद, देउथान, शिव मन्दिर र अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ङ) नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** मोहना नदी, सुकुटी नाला, कैलाली खोला, तिल्के ताल लगाएतका वडा नं. २ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन् ।

**(च) औद्योगिक क्षेत्र:** भुसी इट्टा भट्टी र मालिका ग्याँस उद्योग औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन् ।

**(छ) कृषि क्षेत्र:** यस वडामा पर्ने मोहना नदी आसपासका कित्ताहरूको स्थलगत अध्ययन तथा भू–उपयोग नियमावली, २०७९ को अनुसूची–१ अन्तर्गत बुँदा (९) बमोजिम, व्यावसायिक वा अन्य उपयोग क्षेत्रसँग जोडिएको भए तापनि पाँच हजार वर्ग मिटरभन्दा बढी क्षेत्रफल भई खेती गरिएको, बगैंचा गरिएको वा बाँझो रहेको जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गर्न सकिने व्यवस्था रहेकाले, उक्त मापदण्ड अनुसार सम्बन्धित कित्ताहरू कृषि क्षेत्र अन्तर्गत रहनेछन् ।

**५. वडा नम्बर ३ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क) व्यावसायिक क्षेत्र:** ६ लेन सडको दायाँबायाँ १०० मिटरको जग्गाहरु, रिंग रोड सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, चन्डेश्वरी मार्ग देखि फिस रिसोर्ट सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, दिपेन्द्र मार्ग देखि कालिका चोक सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, नेसनल मार्ग सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, जनता मार्ग देखि रिंग रोड सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, चटकपुर मोहना मार्ग सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, केदार मार्ग देखि ६ लेन सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, ब्यारेक देखि रिंग रोड सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु र त्रीभूवन मार्ग देखि रिंग रोड सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ख) आवासीय क्षेत्र:** व्यावसायिक क्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन् ।

धनगढी उपमहानगरपालिका राजपत्र

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, जनता माध्यमिक विद्यालय, त्रिभूवन माध्यमिक विद्यालय, शिब पार्वती आधारभूत विद्यालय, चटकपुर स्वास्थ्य चौकी, होल्डिङ सेन्टर, कालिका खेल मैदान, चटकपुर खेल मैदान, फाप्ला खेल मैदान, जनजाती तथा दलित सामुदायिक भवन, डिलासैनी खेल मैदान र गौशाला चटकपुर साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन् ।

**(घ) धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** शिव मन्दिर (बोरा डाँडी), शिव मन्दिर (चटकपुर), सिद्धि विनायक गणेश मन्दिर, चन्डेश्वरी मन्दिर र बालक बाबा मन्दिरर अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ङ) नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** मोहना नदी, गडैया नदी, आदर्श ताल लगाएतका वडा नं. ३ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

**(च) वन क्षेत्र:** डिलासैनी सामुदयिक वन, विपन्न सामुदयिक वन, शान्ति सामुदायिक वन, ज्ञान ज्योति सामुदायिक वन, आदर्श सामुदायिक वन र प्रगति सामुदायिक वन वन क्षेत्र अन्तर्गत रहनेछन् ।

**(छ) कृषि क्षेत्र:** यस वडामा पर्ने मोहना नदी आसपासका कित्ताहरूको स्थलगत अध्ययन तथा भू–उपयोग नियमावली, २०७९ को अनुसूची–१ अन्तर्गत बुँदा (९) बमोजिम, व्यावसायिक वा अन्य उपयोग क्षेत्रसँग जोडिएको भए तापनि पाँच हजार वर्ग मिटरभन्दा बढी क्षेत्रफल भई खेती गरिएको, बगैंचा गरिएको वा बाँझो रहेको जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गर्न सकिने व्यवस्था रहेकाले, उक्त मापदण्ड अनुसार सम्बन्धित कित्ताहरू कृषि क्षेत्र अन्तर्गत रहनेछन् ।

## ६. वडा नम्बर ४ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :

**(क) व्यावसायिक क्षेत्र:** यस वडामा रहेका सम्पूर्ण १० मिटर वा सो भन्दा माथिका सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, बसपार्कको सम्पूर्ण सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, पपुलर ट्रेडिङ देखि दक्षिणकाली जोड्ने सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, ६ लेन सडक देखि दक्षिणकाली मार्ग हुँदै बसपार्क सम्म सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, सञ्चय कोष देखि बसपार्क जोड्ने सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, भाटभटेनी देखि पूर्व पट्टी कैलाली गाउँ जाने सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु र वडा कार्यालय देखि तुल्सी चोक सम्म सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन् ।

धनगढी उप-महानगरपालिका राजपत्र

**(ख) आवासीय क्षेत्र:** तुलसी चोक देखि शिव पार्बती टोलको पुल जोड्ने सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, शिवगौरी देखि भाटभटेनी जोड्ने सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, तारानगर पिच देखि डिभिजन वन कार्यालय सम्म सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु, तुलसी चोक देखि भगवती टोल सम्म सडकको दायाँबायाँ पहिला कित्ताका जग्गाहरु र व्यावसायिक क्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, श्री राष्ट्रिय तुल्सीराम माध्यमिक विद्यालय, आधारभूत स्वास्थ्य केन्द्र, खानेपानी कार्यालय, कृषि सामग्री संस्थान, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हुलाकी कार्यालय, धनगढी नगर विकास समिति, सहरी विकास कार्यालय, भौतिक पुर्वाधार मन्त्रालय, सैनिक ब्यारेक साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

**(घ) धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** शिवपुरी धाम, शिवगौरी धाम, ओमशान्ती भवन, पतञ्जली योग भवन र महादेव मन्दिर र अन्य धार्मिक क्षेत्र धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ङ) नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** कैलाली नाला लगाएतका वडा नं. ४ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

**(च) वन क्षेत्र:** शिवपुरी सामुदयिक वन वन क्षेत्र अन्तर्गत रहनेछन्।

**(छ) कृषि क्षेत्र :** वडा नं. ४ मा वडामा कृषि क्षेत्र रहने छैन्।

**७. वडा नम्बर ५ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क) व्यावसायिक क्षेत्र:** वडा न. ४ र ५ को सिमाना देखि वडा नं. १ को सिमाना सम्म जाने सडकको दायाँबायाँ २५ मिटरको जग्गाहरु, डिभोटी चोक देखि उत्तर सामुदायिक सेवा केन्द्र सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, पिपल चौतारा देखि लव्ली चोक हुँदै दोलिका (चिर) चोक सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, छिमेकी डेरी (शिवनगर) देखि उत्तर दाहाल टोल सम्म सडकको दायाँबायाँ १५ मिटको जग्गाहरु, लन्ली चोक देखि वडा नं. ६ को कालो पुल सम्म सडकको दायाँबायाँ २० मिटर को जग्गाहरु, राष्ट्र बैंक चोक देखि सत्कार चोक सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, सामुदायिक देखि पश्चिम खप्तड चोक तरनागरको १५ मिटर दायाँबायाँका जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख) आवासीय क्षेत्र:** व्यावसायिक क्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, राष्ट्रिय माध्यमिक विद्यालय, आधारभूत स्वास्थ्य चौकी, समुदायिक प्रहरी सेवा केन्द्र, नेपाल राष्ट्र बैंक लिमिटेड, जलस्रोत तथा सिंचाई कार्यालय, यातायात कार्यालय, पशु सेवा तालिम केन्द्र, शिवनगर खानेपानी सस्थान, बोअरिङ, सी.सी. यस कार्यालय, चिल्ड्रेन पार्क, सल्लाघारी खेल मैदान, तारानगर खेल मैदान साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

**(घ) धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** थारु देउथान केन्द्र,भै रव महाकाली मन्दिर, गौरी शंकर मन्दिर, राधा कृष्ण मन्दिर, गौरा महेश्वर मन्दिर, गणेश लक्ष्मी मन्दिर र सिद्धिविनायक मन्दिर र अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ङ) नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** कैलाली नाला, नारुवा खोला लगाएतका वडा नं. ५ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

**(च) वन क्षेत्र:** तारानगर सामुदायिक वन, र जाई सामूयिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

**(छ) कृषि क्षेत्र :** वडा नं. ५ मा वडामा कृषि क्षेत्र रहने छैन्।

८. **वडा नम्बर ६ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क) व्यावसायिक क्षेत्र:** हसनपुर देखि मटियारी खुटिया सम्मको सडकको दायाँबायाँ ८० मिटरको जग्गा र पिपलचोक सडकको ३०मिटरको जग्गा व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख) आवासीय क्षेत्र:** हसनपुर देखि मटियारी खुटिया सम्मको सडकको दायाँबायाँ व्यवसायिकक्षेत्र पछिको ५० मिटरको जग्गाहरु, मनकामना टोल देखि जाली सामुदायाक वन हुँदै वडा नं, १३ सम्मको सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु,जाली पिपलबोट देखि मटियारी ढुंगे बजार हुँदै वडा नं, १३ जोड्ने सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, जाली पिपलचोक देखि कपानी खोला सम्मको सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, कालोपुल देखि मटियारी हुँदै बेला जाने सडक वडा नं, ११ दायाँबायाँ ५० मिटरको जग्गाहरु र अन्य भित्रि सडकको दायाँबायाँ ३० मिटरसम्मको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, बासुदेवी माध्यमिक विद्यालय, भैरब बाबा आधारभूत विद्यालय, नगर आधारभूत स्वास्थ चौकी र सुर्मादेवी समाज सामुदयिक भवन साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

**(घ) धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** श्री कृष्ण धार्मिक वन, कपल्लेडी डेढारेस्होर मन्दिर, नवदुर्गा मन्दिर, राना थारु देवथान, डगौरा थारु मगर देवथान चर्च, भैरब मन्दिर र अन्य धार्मिक क्षेत्र धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ङ) नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** नरुवा खोला, कपनी खोला, मन्जला ताल, लामी ताल, नाघुनिया ताल, डबरा ताल, सुल्खहा ताल, कालोपूल नालालगाएतका वडा नं. ६ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

**(च) वन क्षेत्र:** समैजी सामुदयिक वन,जाली सामुदयिक वन, माटियारी सामुदयिक वन, भाग्यश्वरी सामुदयिक वन र श्री कृष्ण सामुदयिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

**(छ) कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. ६ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**९. वडा नम्बर ७ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क) व्यावसायिक क्षेत्र:** हुलाकी राजमार्गको दाँया बाँया ५० मिटरको जग्गाहरु, बुद्धचोक देखि कैलाली बहुमुखी क्याम्पसको नर्सरी सम्मको सडक दाँया बाँया ३० मिटर, मोतीचोक देखि भानुचोक हुँदै देवरिया सामुदायिक भवन सडकको दाँया बाँया ३० मिटर, कैलाली बहुमुखी क्याम्पस देखि रिंग रोड हुँदै वडा कार्यलय सम्मको सडकको दाँया बाँया ३० मिटर, मनेहरा चोक देखि सरस्वती माध्यमिक विद्यालय हुँदै राम भगत चोक सम्मको सडकको दाँया बाँया ३० मिटर, मनेहरा चोक मनेहरागाउँ सम्मको सडकको दाँया र बाँया २० मिटर, कालिका मन्दिर देखि सिमलटोल सम्मको सडकको दाँया बाँया २० मिटर , मनेहरा गाउँ देखि शिविर सम्मको दाँया बाँया २० मिटर, बेली बजार देखि १२ नं. सिमाना सम्मको सडकको दाँया बाँया २० मिटर, बेली बजार देखि पटेला गाउँ सम्मको सडकको दाँया र बाँया २० मिटर, भानुचोक देखि देवहरिया गौरिचोकसम्मको सडकको दाँया बाँया २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख) आवासीय क्षेत्र:** देवहरिया र मनेहरा क्षेत्रका ब्यावसायिक क्षेत्र बाहेकका सम्पूर्ण जग्गा, बेली र पटेलाको सार्वजनिक बाटोको दाँया बाँया १०० मिटर सम्मको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, सरस्वती माध्यमिक विद्यालय (मनेहरा), शिव माध्यमिक विद्यालय देवहरिया), राष्ट्रिय माध्यमिक विद्यालय (बेली), जनजागृति आधारभूत विद्यालय (पटेला), थारु सास्कृतिक संग्रहालय (पटेला), शहरी स्वस्थ्य प्रबर्धन केन्द्र (पटेला), स्वस्थ्य केन्द्र (देवहरिया) र यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहेनछन्।

**(घ) धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** कालिका मन्दिर (मनेहरा), शिव मन्दिर (मनेहरा गौडी), शिव मन्दिर (देवहरिया), देउथान(पटेला), समैजी मन्दिर बेली, हनुमान मन्दिर बेली, कैलासपती महादेव मन्दिर गौडीटोल,राना भुइया मन्दिर देवहरिया मन्दिर धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

धनगढी उप-महानगरपालिका राजपत्र

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** जखोर ताल देवहरिया, चन्द्रमुखी ताल (देवहरिया), सिमरगडया मनेहरा, सिरगडया ताल, सडु वाबाबा ताल देवहरिया,आट ताल (देवरिया), मानिया ताल (देवहरिया), कानिखोला (देवहरिया), अमखोला (पटेला), कपनिया ताल (देवहरिया), खुटिया नदी र वडा नं. ७ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **वन क्षेत्र:** मनेहरा सामुदायिक वन, देवहरिया सामुदायिक वन पटेला सामुदायिक वन, बेली सामुदायिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. ७ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**१०. वडा नम्बर ८ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र:** हुलाकी सडकको हकमा सडकको मापदण्ड छाडेर सडकको दाया बाया ८० मिटरका जग्गाहरु र मुख्य चोक बाट जाने सम्पूर्ण भित्रि सडकको दायाँबायाँ ५० मिटरसम्मको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** वडा नं. ८ का सम्पूर्ण सडकको हकमा सडकको दायाँबायाँ १०० मिटर सम्मको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, श्री धनगढी नमुना प्राविधिक माध्यमिक विद्यालय, कैलाली बहुमुखी क्याम्पस, आधारभूत स्वाथ्य चौकी, रेड क्रस भवन, धनगढी सिटी हल, तौलाहा गार्डेन र यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** राधा कृष्ण मन्दिर, नवदुर्गा मन्दिर, राम जानकी मन्दिर, शिव मन्दिर, आराधना चर्च, धनगढी चर्च र अन्य धार्मिक क्षेत्र धार्मिक साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** रातो पुल खोला र वडा नं. ८ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **औद्योगिक क्षेत्र:** इट्टा भट्टा औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. ८ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**११. वडा नम्बर ९ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

धनगढी उप-महानगरपालिका राजपत्र

**(क)** **व्यावसायिक क्षेत्र:** वडा नं. ९ मा रहेका सम्पूर्ण सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख)** **आवासीय क्षेत्र:** वडा नं. ९ मा रहेका सम्पूर्ण सडकको दायाँबायाँ व्यावसायिक क्षेत्र पछिको १२० मिटरको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग)** **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, सरस्वती आधारभूत विद्यालय, भवानी माध्यमिक विद्यालय, आधारभूत स्वास्थ्य चौकी, लालीगुराँस खेल मैदान, शैलेश्वरी खेल मैदान साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

**(घ)** **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** भगवती मन्दिर, कालिका मन्दिर, देउथान हरियाली टोल, कालिका मन्दिर (लालीगुराँस टोल), शिव मन्दिर, शैलेश्वरी मन्दिर, शिवनारायण मन्दिर, सिद्धबाबा मन्दिर र अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ङ)** **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** चन्द्रमुखी ताल, चौफेरी ताल, मोहना नदी लगाएतका वडा नं. ९ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

**(च)** **वन क्षेत्र:** शैलेश्वरी सामुदायिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

**(छ)** **औद्योगिक क्षेत्र:** पेपर उद्यो औद्योगिक क्षेत्र अन्तर्गत रहनेछ।

**(ज)** **कृषि क्षेत्र**: माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. ९ का सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**१२. वडा नम्बर १० को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क)** **व्यावसायिक क्षेत्र:** घुइयाघाट सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु, जुगेडा सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु र फुल्नैया सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख)** **आवासीय क्षेत्र:** घुइयाघाट सडकको दायाँबायाँ १५० मिटरको जग्गाहरु, जुगेडा र फल्नैया सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु र अन्य भित्रि सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग)** **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, जनकल्याण माध्यमिक विद्यालय, वि.पी. आधारभूत विध्यालय, शहरी स्वास्थ्य केन्द्र र खानेपानी संस्थान साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** राम जानकी मन्दिर, ललै बन्ग्रा शिव महादेव मन्दिर, ए.वि.सि चर्च, फुल्नैया कटान सत्सँग घर र भुइयामाता मन्दिरर अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** झुठा नाला, मोहना नदि, फुल्नैया खोला, नासिया नाला लगाएतका वडा नं. १० मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **औद्योगिक क्षेत्र:** गणपति ईंट्टा उद्योग र जय गुरु गणेश ईट्टा उद्योग औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १० का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**१३. वडा नम्बर ११ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क) व्यावसायिक क्षेत्र:** खुटिया सडक (फास्ट ट्रयाक) खण्डको दायाँबायाँ ८० मिटरको जग्गाहरु, घोडसुवा गाउँ देखि बेला गाउँ जाने सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, मटियारी बेला देखि दक्षिणकाली बहिरा आवासीय आधारभूत विद्यालय जाने सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, घोडसुवा गाउँ देखि दक्षिणकाली बहिरा आवासीय आधारभूत विद्यालय जाने सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, घोडसुवा देखि गेटा जाने सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु र बाँसखेडा देखि बर्बनियाजाने सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**(ख) आवासीय क्षेत्र:** खुटिया सडक (फास्ट ट्रयाक) खण्डको व्यावसायिक क्षेत्र पछिको दायाँबायाँ २०० मिटरको जग्गाहरु र अन्य सम्पूर्ण सडकको दायाँबायाँ १०० मिटरको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, ठेक राज माध्यमिक विद्यालय, बेला आधारभूत विद्यालय, दक्षिणकाली बहिरा आवासीय आधारभूत विद्यालय देवपुर खेल मैदान, स्वास्थ्य चौकी, आयुर्बेदिक औषधालय, धुजनैया पार्क साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

**(घ) धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** बेलादेवीपुर धाम, शिवालय मन्दिर, दछिणकाली मन्दिर, शिव मन्दिर, अर्चना धाम, श्री राम जानकी मन्दिर, घोडसुवा भुइया माता मन्दिर र अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

धनगढी उप-महानगरपालिका राजपत्र

**(ङ) नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** जोकैया नाला, शिवालय सुकुटी नाला, बेला माटियारी सिंचाई नाला लगाएतका वडा नं. ११ मा अवस्थित अन्य खोला तथा पोखरीहरु,  नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन् ।

**(च) औद्योगिक क्षेत्र:** हिमालयन बिउ बिजन कम्पनी र उच्चाकोटी आर.म.सि. औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन् ।

**(छ) वन क्षेत्र:** दक्षिणकाली सामुदायिक वन, शिवशक्ति सामुदायिक वन, सिताराम सामुदायिक वन र भृकुटी सामुदायिक वन जग्गाहरु बन क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ज) कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. ११ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन् ।

**१४. वडा नम्बर १२ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

**(क) व्यावसायिक क्षेत्र :**जुगेडा बि गाउँको नवदुर्गा टोल देखि सी  गाउँ  जोड्ने मेन रोड पुलडाँडा सिद्धनगर सम्मको सडकको दाँया बाँया २५ मिटरको जग्गा, बि गाउँ जोड्ने पक्की पुलदेखि दक्षिण जोगी चोक सम्मसडकको दाँया बाँया २० मिटरको जग्गा, जय रोकाया सेन्टर प्लट देखि पर्भू सिंहको पसल चौतारी हुँदै प्रेम बहादुर शाहीको घर सम्मको सडकको दाँया र बाँया २० मिटरको जग्गा, अन्य सम्पूर्ण सडकको दाँया र बाँया २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ख) आवासीय क्षेत्र:** बि गाउँ जोड्ने पक्की पुलदेखि दक्षिण जोगी चोक सम्मको सडकको दाँयाबायाँ व्यावसायिक क्षेत्र छाडेर २० मिटरका जग्गा, जय रोकाया सेन्टर प्लट देखि पर्भू सिंहको पसल चौतारा हुँदै प्रेम बहादुर शाहीको घर सम्मको सडक को व्यावसायिक क्षेत्र छाडेर दाँया र बाँया २० मिटरको जग्गा, अन्य सम्पूर्ण सडकको व्यावसायिक क्षेत्र छाडेर दायाँबायाँ २५ मिटरको जग्गाहरु  सम्मको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन् ।

**(ग) सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, सारदा माध्यमिक विद्यालय (सी गाउँ), सिद्धनाथ नमुना माध्यमिक विद्यालय (सिद्धार्थनगर) बेहडा बाबा आधारभूत विद्यालय (मुक्तिनाथ टोल), दुर्गा आधारभूत विद्यालय (कालिका टोल), बाल बिकास भवन (बि गाउँ), नवदुर्गा आधारभूत विद्यालय (नवदुर्गा टोल), जुगेडा आधारभुत स्वस्थ चौकी, खेल मैदान ए, बि, सी, डी, गाउँ, हिम्मतपुर शिविरका खेल मैदानहरु, सामुदायिक भवन (बि गाउँ), क्लब भवन ए गाउँ, सशस्त्र प्रहरी भवन, जुगेडा अस्थायी प्रहरी पोष्ट, कालिका अस्थायी प्रहरी हिम्मतपुर, सिचाई बोरिंग सबै साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन् ।

**(घ) धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** डाँडाबाग भावनी मन्दिर (त्रिवेणी टोल), दुर्गा गाउँ (सी गाउँ), शिव मन्दिर (सिद्धार्थनगर), कालिका मन्दिर (सिदार्थनगर), अहिंसाबादी गुम्बा (सिदार्थनगर), शिव

हनुमान मन्दिर, सूर्मा मन्दिर (डी गाउँ), राम जानकी मन्दिर (हिम्मतपुर), कालिका मन्दिर (कम्पनी टोल), शिव मन्दिर, दुर्गा मन्दिर, कालिका मन्दिर, साईराम मन्दिर (ए गाउँ), छोइलिङ् गुम्बा, नवदुर्गा मन्दिर (बि गाउँ), खापर मन्दिर (वि गाउँ), सन्निकोट मन्दिर (बि गाउँ), कालिका मन्दिर बि गाउँ, शिव मन्दिर (उद्धमशील टोल), शिव पार्वती मन्दिर (वि गाउँ) र अन्य धार्मिक क्षेत्र धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** खुटिया खोला, मोहना नदी, कानी खोला, भट्टी खोला लगाएतका वडा नं. १२ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **वन क्षेत्र:** सिद्धनाथ सामुदायिक वन, खुटिया सामुदायिक वन, शिवशक्ति सामुदायिक वन, महिला सामुदायिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १२ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

१५. **वडा नम्बर १३ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र:** ६ लेन सडकको दायाँबायाँ १०० मिटरको जग्गाहरु, १० मिटर वा सो भन्दा माथिका सडकको दायाँबायाँ ३० मिटरका जग्गाहरु र अन्य सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** व्यावसायिक क्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, दृष्टी फाउन्डेशन नेपाल, नवज्योति आधारभूत विद्यालय, जनता राष्ट्रिय माध्यमिक विद्यालय, भगवती आधारभूत विद्यालय शहरी स्वास्थ्य केन्द्र, पशु सेवा केन्द्र, धनगढी विमानस्थल र एसओएस बालग्राम साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** दुर्गा मन्दिर कैलाली गाउँ, शिव मन्दिर वार्ड कार्यालय नजिक, शिव मन्दिर एरपोर्ट रोड, गौरा महेश्वर मन्दिर, ग्वाँसी समैजी मन्दिर, कालिका मन्दिर र थानुवा मन्दिर धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **वन क्षेत्र:** श्रीलंका महिला समुदायिक वन, श्री कैलाली समुदायिक वन र डिलासैनी समुदायिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

धनगढी उपमहानगरपालिका राजपत्र

(च) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** मोहना नदि, झलारी नाला, सुकुटी नाला, मटकन्ना ताल, बन्थरिया ताल, कैलाली नाला, गुल्भोग नाला, लगाएतका वडा नं. १३ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **औद्योगिक क्षेत्र:** जयदुर्गे ईट्टा भट्टी, राजश्री फूड इन्डष्ट्री, गोदावरी फ्लूओर मिल, वेस्ट्रन फुड प्रा. लि. र नबिन दाना उद्योग औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ज) **कृषि क्षेत्र :** यस वडा नं. १३ मा कृषि क्षेत्र रहनेछैन्।

१६. **वडा नम्बर १४ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र:** हुलाकी सडकको दायाँबायाँ ५० मिटर सम्मको जग्गाहरु, रिंगरोड सडकको दायाँबायाँ ३० मिटर सम्मको जग्गाहरु, हुलाकी सडक देखि वडा कार्यालय हुँदै रिंगरोड सम्मको सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु र भित्री शाखा सडकको हकमा दायाँबायाँ १५ मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** हुलाकी सडकको दायाँबायाँ व्यावसायिक क्षेत्र पछिको ५० मिटरको जग्गाहरु, रिंगरोड सडकको दायाँबायाँ व्यावसायिक क्षेत्र पछिको ३० मिटरको जग्गाहरु र अन्य भित्रि सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, जनजागृति माध्यमिक विद्यालय, सर्वोदय माध्यमिक विद्यालय, पञ्चोदय माध्यमिक विद्यालय, शिव शंकर आधारभूत विद्यालय, सिदार्थ आधारभूत विद्यालय, बाल आधारभूत विद्यालय, आधारभूत स्वास्थ्य केन्द्र, खेल मैदान (डी गाउँ, सि गाउँ, एच गाउँ, वि गाउँ), क्लब भवन (डी गाउँ, सि गाउँ, एच गाउँ), सामुदयिक भवन (वि गाउँ, एच गाउँ) र दलित भवन (स्याउले), वि गाउँ टाउनमा रहेको खानेपानी टंकी साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **वन क्षेत्र:** जन कल्याण सामूयिक वन, जन सक्ति सामूयिक वन, गौरीशंकर सामूयिक वन, रामजानकी सामूयिक वन, हरियाली सामूयिक वन, सिदार्थ सामुदयिक वन र साईपाल सामूयिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** शिवालय मन्दिर, रामजानकी मन्दिर, कालिका मन्दिर, मोहन्या मन्दिर, दुर्गा मन्दिर, देउथान, गुम्बा, वि गाउँमा रहेको श्री शिवालय मन्दिर, श्री दुर्गा मन्दि रधार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

धनगढी उप-महानगरपालिका राजपत्र

(च) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** खुटिया खोला, मोहना नदी, शिव ताल लगाएतका वडा नं. १४ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **औद्योगिक क्षेत्र:** गरिमा ईट्टा भट्टी, भूसा ईट्टा भट्टी र वि गाउँ ईट्टा भट्टी औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ज) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १४ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत अन्तर्गत रहनेछन्।

**१७. वडा नम्बर १५ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र:** हुलाकी सडकको दायाँबायाँ २० मिटर सम्मको जग्गाहरु र कनरी देखि शिवगंगा आधारभूत विद्यालय सम्मको सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** हुलाकी सडकको दायाँबायाँ व्यावसायिकक्षेत्र पछिको ३० मिटरको जग्गाहरु, कनरी देखि शिवगंगा आधाभूत विद्यालय सम्मको सडकको दायाँबायाँ व्यावसायिक क्षेत्र पछिको ३० मिटरको जग्गाहरु र अन्य भित्री सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, राष्ट्रिय माध्यमिक विद्यालय, जनजागृति आधारभूत विद्यालय, शिवगंगा आधारभूत विद्यालय, समैजी आधारभूत विद्यालय, उर्मा आयुर्वेदिक औषधालय, सहरी स्वास्थ्य केन्द्र, वडा प्रहरी चौकी, मानव सेवा आश्रम, सुर्मी खेल मैदान, कनरी खेल मैदान, कनरी पार्क र शिव पार्वती खेल मैदान साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **वन क्षेत्र:** शिव दर्शन एकता सामुदयिक वन, कैलाश सामुदयिक वन, कालिका सामुदयिक वन, नमुना सामुदयिक वन, सिद्ध बाबा सामुदयिक वन र कनरी सामुदयिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र**: शिव गंगा नदी, खुटिया नदी, बडी गडैया ताल, गडी ताल, भगर ताल लगाएतका वडा नं. १५ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **धार्मिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र:** धार्मिक वन समिति र शिव पार्वती मन्दिर धार्मिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १५ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**१८. वडा नम्बर १६ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

धनगढी उपमहानगरपालिका राजपत्र

(क) **व्यावसायिक क्षेत्र:** सम्ना रानाको घर देखि उत्तर दखारी रानाको घर सम्मको सडकको दायाँबायाँ २० मिटर सम्मको जग्गाहरु र गौशाला मन्दिर देखि गौरिगंगा नगरपालिका जाने सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** चर्च देखि केराबारी सम्म सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, शिवनगर टोलको सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु, घुरही टोलको सम्पूर्ण सडकको दायाँबायाँ २० मिटरको जग्गाहरुर अन्य भित्री सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, बेहडा बाबा माध्यमिक विद्यालय, दिपेन्द्र चारपाते आधाभूत विद्यालय, शिब माध्यमिक विद्यालय, जनज्योति आधारभूत विद्यालय, जनकल्याण आधारभूत विद्यालय, उर्मा स्वास्थ्य चौकी र चारपाटे सामुदयिक भवन साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **वन क्षेत्र:** हरियाली सामुदयिक वन, महालक्ष्मी सामुदयिक वन, बेहडा बाबा सामुदयिक वन, त्रिनेत्र सामुदयिक वन, गणेश सामुदयिक वन र वनदेवी सामुदयिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** घुरही खोला, सुखैया खोला, महादेव ताल, सहदेव ताल, जोगिनी ताल, वनतलिया ताल लगाएतका वडा नं. १६ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** बेहडा बाबा मन्दिर, रामेश्वर मन्दिर, कालिका मन्दिर, रामजानकी मन्दिर, मोहन्याल मन्दिर, बेताल मन्दिर, राधा कृष्ण मन्दिर धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १६ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

**१९. वडा नम्बर १७ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र :**पथरी देखि सरौटा हुँदै डमोलिया ४ नं. टोल सम्मको सडकको दायाँबायाँ ३० मिटरको जग्गाहरु र अन्य सबै भित्री सडकको दायाँबायाँ २० मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** पथरी देखि सरौटा हुँदै डमोलिया ४ नं. टोल सम्मको सडकको दायाँबायाँ व्यावसायिक क्षेत्र पछिको ५० मिटरको जग्गाहरु, १७ नं. वडा कार्यालय देखि हिरापुर चोक सम्म सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, खुटिया पुल देखि बेहडाबाबा जाने बाटो शिवगंगा सम्म सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, शहरी सघन देखि आम बगिया सम्म सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु, सरौटा

धनगढी उप-महानगरपालिका राजपत्र

चोक देखि न्यू कालिका आधारभूत विद्यालय हुँदै हरी चौधरीको घर सम्म सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु र धुर्झना मेन चोक देखि यज्ञ राज चौधरीको ईट्टा भट्टा सम्म सडकको दायाँबायाँ ५० मिटरको जग्गाहरु र यस वडामा रहेको ग्राभेल र कच्ची सडकको दायाँबायाँ ३० मिटर आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, श्री भानु माध्यमिक विद्यालय (पथरी), श्री कालिका आधारभूत विद्यालय (धुर्झना), श्री न्यू कालिका आधारभूत विद्यालय (सरौटा), श्री सज्जन आधाभूत विद्यालय (डमौलिया), शहरी स्वास्थ्य केन्द्र (धुर्झना), मंडीजन पुस्तकालय (धुर्झना), डिप बोरिंग (दिपनगर टोल, डमोलिया टोल) साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

(घ) **वन क्षेत्र:** शिव गंगा सामूदायिक वन, सिद्धबाबा सामूदायिक वन, श्री कालिका सामूदायिक वन र केदार सामूदायिक वनका जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** खुटिया नदी, शिवगंगा नदी, जहरी खोला,सोरिया नाला र वडा नं. १७ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **औद्योगिक क्षेत्र:** यज्ञ चौधरी ईट्टा भट्टा र पुस्कर ईट्टा भट्टा औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १७ का अन्य सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन्।

२०. **वडा नम्बर १८ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र:** हुलाकी सडकको दायाँबायाँ देखि रिंग रोड सडक सम्मको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) **आवासीय क्षेत्र:** व्यावसायिक क्षेत्र पछिका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन्।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** वडा भित्रका सम्पूर्ण सडक तथा बाटोहरु, चन्द्रोदय माध्यमिक विद्यालय, नर्मदेश्वर गुरुकुल आधारभूत विद्यालय, खप्तडी आधारभूत विद्यालय, इन्द्रोदय आधारभूत विद्यालय, एन.एस स्टेडीयम, धनगढी (वल्गापुरी) भोकेश्नल स्कूल, फुलवारी बहुमुखी क्याम्पस, कोल्ड स्टोर र कृषि हाटबजार (एफ गाउँ), पशु सेवा केन्द्र ( एफ गाउँ), आधारभूत स्वास्थ्य केन्द्र, भूपु सैनिक आधारभूत विद्यालय, गाउँघर खोप केन्द्र (इ गाउँ), जेष्ठ नागरिक भवन, शहीद स्मृति सामूयिक भवन, सशस्त्र वेस क्याम्प, फुलबारी गौशाला साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन्।

धनगढी उप-महानगरपालिका राजपत्र

(घ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** गौमती दयालु धाम (एफ गाउँ), त्रिपुरा धाम, शिव मन्दिर (इ गाउँ), शिवालय मन्दिर (शिवपुरी टोल), दुर्गा मन्दिर, मोहन्याल मन्दिर (इ गाउँ) र पाथीभरा मन्दिर धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन् ।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** गौमती नाला, मोहना नदी, गोही नाला र वडा नं. १८ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन् ।

(च) **वन क्षेत्र:** हिमचुली सामुदायिक वन, प्रगति सामुदायिक वन, पशुपति सामुदायिक वन र लालीगुराँस सामुदायिक वन वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन् ।

(छ) **कृषि क्षेत्र:** यस वडामा पर्ने मोहना नदी, फूलबारी रिंगरोडको पूर्वपट्टिका कित्ताहरु, गौचरण आसपासका कित्ताहरूको स्थलगत अध्ययन तथा भू–उपयोग नियमावली, २०७९ को अनुसूची–१ अन्तर्गत बुँदा (९) बमोजिम, व्यावसायिक वा अन्य उपयोग क्षेत्रसँग जोडिएको भए तापनि पाँच हजार वर्ग मिटरभन्दा बढी क्षेत्रफल भई खेती गरिएको, बगैंचा गरिएको वा बाँझो रहेको जग्गा कृषि क्षेत्रमा वर्गीकरण गर्न सकिने व्यवस्था रहेकाले, उक्त मापदण्ड अनुसार सम्बन्धित कित्ताहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन् ।

२१. **वडा नम्बर १९ को भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड :**

(क) **व्यावसायिक क्षेत्र :** हुलाकी राजमार्गको दायाँबायाँ ३० मिटरको जग्गाहरु रिंङ रोड सडकको दायाँबायाँ १५ मिटरको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन् ।

(ख) **आवासीय क्षेत्र:** हुलाकी राजमार्गको दायाँबायाँ ३० मिटरको जग्गाहरु, रिंङ रोड सडकको दायाँबायाँ १५ मिटरको जग्गाहरु, सम्पूर्ण भित्री सडकको दायाँबायाँ ३० मिटा, सिताराम राइस मिल, कमला राइस मिलका जग्गाहरु आवासीय क्षेत्र अन्तर्गत रहनेछन् ।

(ग) **सार्वजनिक महत्वका क्षेत्र:** फुलबारी माध्यमिक विद्यालय (टाउन प्लानिङ), फुलबारी आधारभूत विद्यालय (फुलबारी), बाल सिर्जना आधारभूत विद्यालय (खेदा), जन सहयोग आधारभूत विद्यालय (बहुलिया), जनप्रिय आधारभूत विद्यालय (आई गाउँ), फुलबारी सामुदायिक भवन, धत्मीचैत्य सामुदायिक भवन, चिल्ड्रेन पार्क (टाउन प्लानिङ), फुलबारी बस पार्क, श्री शंकर सरस्वती अन्नपुर्ण आधारभूत विद्यालय (जे गाउँ), फुलबारी स्वस्थ चौकी (टाउन), इलाका प्रहरी कार्यलय (बहुलिया), सुर्मा देवी खेल मैदान, जे गाउँ नर्सरी, बहुलिया नर्सरी, बाह्र कथा खेल मैदानका सबै साथै यिनले चर्चेका जग्गाहरु सार्वजनिक महत्वका क्षेत्र अन्तर्गत रहनेछन् ।

(घ) **धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र:** शिव मन्दिर (जे गाउँ), गुम्बा  आई गाउँ, कालिका मन्दिर (जे गाउँ), पुरन बाबा मन्दिर (फुलबारी), नवदुर्गा मन्दिर (आई गाउँ), कालिका मन्दिर आई गाउँ, महिमा मण्डली चर्च (बौलिया), शान्तिमण्डली चर्च (टाउन), राम जानकी  मन्दिर धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र अन्तर्गत रहनेछन् ।

(ङ) **नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र:** छोलल्याा ताल (बौलिया), मुरैना ताल (मोहोना), मोहना नदी, कुण्ड ताल, लग्गाभग्गा ताल, रतैन्ना ताल, सौनाही ताल छारेल ताल र वडा नं. १९ मा अवस्थित अन्य खोला तथा पोखरीहरु, नदीनाला, ताल, तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रहनेछन्।

(च) **वन क्षेत्र:** भाकल सामुदायिक वन, सुन्दरशक्ति सामुदायिक वन, हरियाली सामुदायिक वन जग्गाहरु वन क्षेत्र अन्तर्गत रहनेछन्।

(छ) **औद्योगिक क्षेत्र:** जिन मेट्रस (जे गाउँ) र चिम्नी भट्टा (फुलबारी) औद्योगिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ज) **कृषि क्षेत्र:** माथि उल्लेखित क्षेत्र बाहेकका वडा नं. १९ का सम्पूर्ण बाँकी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत अन्तर्गत रहनेछन्।

## परिच्छेद -३

## भू-उपयोग क्षेत्रको वर्गीकरण सम्बन्धी अन्य मापदण्ड

२२. **भू-उपयोग वर्गीकरणसम्बन्धी अन्य मापदण्ड : भू**-उपयोग सम्बन्धी अन्य मापदण्ड देहायबमोजिम हुनेछ;

(क) माथि परिच्छेद २ अन्तर्गत उल्लेखित धनगढी उपमहानगरपालिका भित्रको मुख्य सडक (छ लेन सडक) तथा हुलाकी सडकको मापदण्डमा वडा अनुसार जुनसुकै उल्लेख भएको भएतापनि उक्त सडकहरूको लागि एकनासको मापदण्ड लागू गर्नुपर्ने आवश्यकता देखिएकाले धनगढी भित्रको मुख्य सडक (छ लेन सडक) को दायाँबायाँ २५० मिटर क्षेत्रलाई व्यावसायिक क्षेत्र तथा हुलाकी सडकको दायाँबायाँ १०० मिटर क्षेत्र व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

(ख) यस मापदण्ड अनुसार कायम गरिएको भू–उपयोग वर्गीकरण अनुसार कुनै व्यक्तिको कित्ता व्यावसायिक वा आवासीय क्षेत्रमा परेको भएतापनि सम्बन्धित जग्गा धनीले उक्त कित्तालाई कृषि क्षेत्रमा राख्न इच्छुक भई कार्यालयमा निवेदन पेश गरेमा उक्त कित्तालाई कृषि क्षेत्र कायम गर्न सकिनेछ।

(ग) कित्तागत विवरणमा कि.नं. ९९९९, ० जस्ता त्रूटीपूर्ण रहेका कित्ताहरू सम्बन्धित नापी कार्यालय सँग भएको सक्कल डाटाबेसको कि.नं. अनुसार कायम भएको मानिने छ।

(घ) फाइल नक्सामा भएका कि.नं.को भू-उपयोग वर्गिकरण कित्तागत विवरणमा नभेटिएमा धनगढी उपमहानगरपालिकाको भू-उपयोग परिषदले पारित गरेको मापदण्ड अनुसार हुनेछ तथा त्यसरी छुट्न गएका कित्ताहरूलाई पारित मापदण्ड बमोजिम नै वर्गिकरण गरी कायम गरिनेछ।

(ङ) नगर कार्यपालिका अथवा सम्बन्धित निकायबाट अनुमति लिएर आवासीय प्रयोजनका लागि कित्ताकाट भएका कित्ता जग्गाहरु मापदण्ड, डाटाबेस तथा कित्तागत विवरणमा जे भएता पनि आवासीय क्षेत्र अन्तर्गत रहने गरी कायम गरिनेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

**(च)** वन, जङ्गल लगायतका सरकारी तथा सार्वजनिक जग्गाहरु कित्तागत विवरणमा जुन वर्गिकरणमा कायम भएतापनि प्रचलित कानून अनुसार नै कायम गरिनेछ । सरकारी सार्वजनिक वन नदी, खोला किनार सडकको मापदण्ड भित्र पर्ने तथा अन्य जोखिमयुक्त वा कानुनद्वारा विशेष संरक्षण, प्रतिबन्धित क्षेत्रको भू-उपयोग वर्गिकरण प्रचलित कानुन तथा आधिकारिक अभिलेखलाई आधारमानी वर्गिकरण गरिनेछ ।

**(छ)** कुनै कित्ता वर्गीकरण गर्न छुट भएको पाइएमा सम्बन्धित व्यक्तिको निवेदनको आधारमा उक्त कित्ताको चौहद्दीका कित्ताहरूको वर्गीकरण तथा नजिकको सडक र भू-उपयोगको अवस्थालाई आधार मानी भू-उपयोग वर्गीकरण गरिनेछ ।

**(ज)** कुनै कित्ता नक्सा–सिटको बोर्डरमा परी दुई वा दुई भन्दा बढी वटा भू–उपयोग क्षेत्रमा वर्गीकरण भएको अवस्थामा नापी कार्यालयमा रहेको सक्कल नक्साको आधारमा प्रमाणीकरण (Verification) गरी धनगढी उपमहानगरपालिकाको भू-उपयोग परिषदबाट पारित मापदण्ड अनुसार वर्गीकरण गरी वर्गिकरण संसोधन गरिनेछ ।

**(झ)** मुख्य सडकदेखि तोकिएको सीमासम्म वा सो सीमाभन्दा परसम्म एउटै कित्ता निरन्तर कायम रहेको अवस्था भएमा, उक्त कित्तालाई मुख्य सडकसँग जोडिएको कित्ता मानी मुख्य सडकतर्फ कायम रहेको भू–उपयोग क्षेत्रअनुसार सो सम्पूर्ण कित्ताको भू–उपयोग वर्गीकरण कायम गरिनेछ ।

**(ञ)** सिमाना र भोग फरक रहेको क्षेत्रको भू–उपयोग क्षेत्रको वर्गीकरण, स्थानीय तह पुनःसंरचनासम्बन्धी आयोगले जारी गरेको प्रशासनिक सीमाङ्कनका कारणले हाल कुनै एक पालिकाको भोगचलनमा रहेको कुनै भूभाग अन्य पालिकामा पर्न गई भू–उपयोग वर्गिकरण गर्न द्विविधा पर्न गएको अवस्थामा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा भू-उपयोग वर्गिकरण लगायतका कार्यहरू गरिनेछ ।

**(ट)** भू-उपयोगको कित्तागत विवरणमा भएको वर्गिकरण क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण गर्न सम्बन्धित व्यक्ति ईच्छुक भएमा प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पुरा गरी वर्गिकरण संसोधन गर्न सकिनेछ।

**(ठ)** यस मापदण्डमा माथि जुनसुकै कुरा उल्लेख भएको भएता पनि यस मापदण्ड अनुसार गरिएको भू-उपयोग वर्गिकरणमा संशोधनका लागि उपमहानगरपालिकाले त्रुटी सच्याउन वा वर्गिकरण संशोधन गर्न सूचना प्रकाशन गरी सूचनामा तोकिएको समय भित्र संसोधनका लागि पेश हुन आएका निवेदनहरुको हकमा एक पटकका लागि स्थानिय भू-उपयोग परिषद्ले निवेदकको माग बमोजिम संसोधन गर्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद -४

## विविध

२३. **अभिलेख व्यवस्थापन:** (१) यस मापदण्ड अनुसारको भू-उपयोगको वर्गिकरणको अभिलेख कार्यालयको भूमि व्यवस्थापन शाखाको भू-सूचना एकाईले सुरक्षित राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेखको जानकारी सम्बन्धित प्रदेश तथा संघीय तहका निकायहरुमा पठाउनु पर्ने भएमा ती निकायहरुमा समेत पठाउनु पर्नेछ।

**२४. बाधा अड्काउ फुकाउने अधिकार:** यस मापदण्डको अनुसार गरिएको भू-उपयोगको वर्गीकरण अनुसार भूमिको कार्यान्वयनमा कुनै व्यावहारिक कठिनाइ, अस्पष्टता वा बाधा उत्पन्न भएमा स्थानिय भू - उपयोग परिषद ले आवश्यक व्याख्या, निर्णय वा आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ। स्थानिय भू - उपयोग परिषद्बाट फुकाईएको बाधा अड्काउ यो मापदण्डको कार्यान्वयनका लागि अन्तिम निर्णय हुनेछ।

**२५. बचाउ र संशोधन:** (१) यस मापदण्ड अनुसार गरिएको भूमिको वर्गीकरण लागू हुनुअघि भूमिको वर्गीकरणसम्बन्धमा भएका कार्यहरू यसै मापदण्डबमोजिम भए गरेको मानिनेछ।

(२) यस मापदण्डमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएका विषयहरू स्थानिय भू - उपयोग परिषद् बाट निर्णय भए बमोजिम हुनेछन्।

(३) यस मापदण्डमा उल्लेख भएका विषयहरूको संशोधन, थपघट वा परिमार्जन आवश्यक भएमा स्थानिय भू - उपयोग परिषदले संशोधन गर्न सक्नेछ।

**आज्ञाले,**

.........................

जनकराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र